# उच्च अदालत पोखरा

प्रशासन शाखा

# सूचना !!! सूचना !!! सूचना !!!

## सूचना प्रकाशित मितिः२०८२।०४।१५

**विषयः मेलमिलापकर्ताको रुपमा सूचीकृत हुने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा मेलमिलाप कार्यसंचालन निर्देशिका, २०७५ को अनुसूची-२ बमोजिम यस आर्थिक वर्ष २०८२/८३ को लागि यस अदालतमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचिकृत गराउन चाहने मेलमिलाप सम्बन्धी तालिम प्राप्त गरेको ब्यक्ति वा मेलमिलाप परिषदबाट स्वीकृत प्राप्त गरेका मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन (**मितिः २०८२।०५।१३ गते शुक्रबार**) भित्र निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

निवेदनसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु:

- मेलमिलाप परिषदबाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि
- मेलमिलापकर्ताको परिचयपत्रको प्रतिलिपि
- ब्यक्ति भए मेलमिलापकर्ताको पासपोर्ट साइज फोटो-२ थान
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- संस्थाको हकमा
  - संस्था दर्ता तथा नबीकरणको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको नियमावली,
  - मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा परिषदबाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृतीको प्रतिलिपि

नोटः निवेदन फारम यस अदालतको प्रशासन शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।